का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ मंसिर २०७९, मंगलबार

13 December 2022, Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न


वर्ष २०, अंक २९७ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अध्यादेशको तरंग

## कांग्रेसभित्रै विरोध एमालेको आपत्ति

सरकारको नेतृत्वकर्ता दल कांग्रेसभित्रैको विरोध र एमालेको आपत्तिका बीच पनि सरकार पछाडि हट्ने मुडमा देखिन्न । तर, राष्ट्रपतिले अध्यादेश जारी नगरे के गर्ने भन्नेमा भने सत्ता गठबन्धन प्रष्ट छैन् ।

### सरकारको स्पष्टीकरण



मुलुकलाई अहिले शान्ति चाहिएको छ, एकता चाहिएको छ, विकास र समृद्धि चाहिएको छ । त्यसका निमित्त सबैको योगदान रहोस भन्ने उद्देश्यका साथ अध्यादेश सिफारिस भएको छ ।

**ज्ञानेन्द्रबहादुर कार्की**
**सरकारका प्रवक्ता**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ मंसिर

मुलुकी फौजदारी संहिता संशोधन गर्न ल्याएको अध्यादेशको चौतर्फी विरोध भइरहेका बेला सरकारले हिंसात्मक गतिविधिमा संलग्नलाई माफी दिएर मुलधारका शान्तिपूर्ण राजनीतिमा ल्याउन लागिएको स्पष्टीकरणद दिएको छ ।

मन्त्रिपरिषदका निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता – बाँकी पृष्ठ २ मा



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २६ मंसिर

सरकारले हालै ल्याएको अध्यादेशले मुलुक तरंगित भएको छ । मन्त्रिपरिषद्को बैठकले रेशम चौधरी लगायतलाई माफी दिन सक्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ११६ मा संशोधन गर्न अध्यादेश ल्याएको छ । यो अध्यादेश राष्ट्रपति कार्यालय पुगेको छ ।

जेलमा रहेका रेशम चौधरी, जनमत पार्टी र नेत्रविक्रम चन्द विप्लवका नेताविरुद्ध अदालतमा विचाराधीन मुद्दामा हस्तक्षेप गर्न सरकारले फौजदारी अपराध संहिता कार्यविधि संशोधन गर्ने अध्यादेश ल्याउने निर्णय गरेको हो । जसलाई लिएर सरकारको नेतृत्वकर्ता कांग्रेस भित्रै विरोध भएको छ । अर्को ठूलो दल नेकपा एमाले पनि अध्यादेशप्रति आपत्ति जनाएको छ ।

कैलालीको टीकापुर नरसंहारका दोषी रेशम चौधरीसहितलाई जेलमुक्त गर्ने गरी अध्यादेश स्वीकृत गरेलगत्तै कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले अध्यादेश फिर्ताको माग गरे । महामन्त्रीद्वय थापा र शर्मासँगै अर्का नेता प्रदीप पौडेलले पनि विरोध गरेका छन् ।

महामन्त्री थापाले थापाले अदालतमा विचाराधीन मुद्दालाई सरकारले फिर्ता लिन नमिल्ने र यो राजनीतिक विषय हो भन्ने लागेर आवश्यकता देखे नयाँ संसद्ले कानुन बनाएर प्रक्रिया अगाडि बढाउन सक्ने बताएका छन् । 'अदालत र संसद्को क्षेत्राधिकारको – बाँकी पृष्ठ २ मा



अध्यादेशमार्फत कानुन संशोधन गरी अदालतले दोषी ठहरिएकालाई माफी दिने प्रयास गरिनु कानुनी शासन, संसदीय प्रणाली, राजनीतिक र लोकतान्त्रिक मर्मको उपहास गर्नु हो ।

**डा. शेखर कोइराला**, नेता, नेपाली कांग्रेस



"संविधानको रक्षा गर्छौं" भन्ने चुनावी नारा घन्काएको गठबन्धन सरकारले संविधानको भावनामाथि नै असर पार्ने गरी यस्तो अध्यादेश ल्याउन खोज्नु आफैंमा गलत हो ।

**विष्णु रिमाल**, उपमहासचिव, एमाले

### मानवअधिकार आयोगको चासो

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २६ मंसिर

सरकारले हालै ल्याएको अध्यादेशबारे राष्ट्रिय मानव अधिकार आयोगले चासो देखाएको छ । आयोगले सोमबार सरकारसँग जानकारी समेत माग गरेको छ । आयोगले फौजदारी मुद्दा फिर्ता लिन सहज हुने गरी ल्याउन लागेको अध्यादेशका विषयमा सरकारसँग जानकारी माग गरेको हो ।

सरकारले टीकापुर घटना लगायत राजनीतिक प्रकृतिका घटनाको फौजदारी मुद्दा फिर्ता लिन सहज हुने गरी अध्यादेश ल्याउने निर्णय गरे लगत्तै आयोगले यस विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयसँग यथार्थ विवरण माग गरेको जनाएको छ ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ' आयोगले यस सम्बन्धमा यथार्थ विवरण – बाँकी पृष्ठ २ मा

जाजरकोटमा जीप दुर्घटना

# ११ को मृत्यु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ मंसिर

जाजरकोटमा जीप दुर्घटना हुँदा ११ जनाको मृत्यु भएको छ । जाजरकोटको छेडागाड नगरपालिकामा बोलेरो जीप दुर्घटनामा परेको हो । दुर्घटनामा परी एकै वडाका सातसहित ११ को मृत्यु भएको हो ।

मृत्यु हुनेमा गाडीका चालक भगवतीमाइ गाउँपालिका-२ दैलेखका मानबहादुर रावत, सहचालक सोही पालिका वडा नं ३ का वीरेन्द्र केसी र सोही वडाका अर्का अम्मर खड्का रहेका छन् ।

त्यसैगरी, जारजरकोट छेडागाड नगरपालिका वडा नं ५ का दीपक अधिकारी, सोही वडाकी नैनसरा अधिकारी, जैकुवरा बुढा, रामबहादुर बुढा, देवीसरा बुढा, अमर अधिकारी, निसा अधिकारी र सोही नगर वडा नं ६ वीरबहादुर खत्रीको मृत्यु भएको नगरपालिकाका उपप्रमुख चन्द्रबहादुर थापाले जानकारी दिए ।

कर्णाली प्रदेश २००१ च ०४२९ नम्बरको निजी जीप छेडागाड नगरपालिका वडा न ३



जेवाबाट सोही नगरको वडा नं ४ को लेवातर्फ जाँदै गर्दा दशेराको भिरबाट खसेको हो ।

जीपमा सवार १२ जनामध्ये छेडागाड-५ का जैभान अधिकारी गम्भीर घाइते भएका छन् । घाइते जैभानको उपचारका लागि नेपालगञ्ज पठाइएको उपप्रमुख चन्द्रबहादुर थापालले जानकारी दिए ।

वडा नम्बर ४ जेवाबाट वडा नम्बर ५ थलह जन्ती लिएर जाने क्रममा जिप दुर्घटनामा परेको हो । उनका अनुसार जिप सडकबाट करिब ३ सय मिटर तल खसेको थियो ।

अन्योलग्रस्त मेलम्ची खानेपानी

# २ महिना आउँछ बाँकी समय बन्द !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २६ मंसिर

विक्रम संवत् २०४८ सालमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले घोषणा गरेको मेलम्चीको पानी २०७७ सालको फागुनमा महिनामा काठमाडौं ल्याईयो । साझा एजेण्डाका रुपमा सबैदलले स्वीकार गरेको उक्त परियोजना सफल भएपछि काठमाडौंवासीले पानीको अभाव नहुने आशा समेत गरे । तर, करिब तीन दशकको लगानीपछि भित्र्यिएको मेलम्ची खानेपानीले दैनिक जीवनयापन गर्ने काठमाडौंवासीको सपना भने सपनामै सीमित भएको छ । वर्षौको प्रतिक्षापछि आएको खानेपानी वर्षायामभरि नआउने अनि आएपनि कोही दिन आउने कोही दिन नआउने गर्दा उपभोक्ता निराश भएका छन् ।

'यो मेलम्ची त हाम्रो लागि आश मात्रै भयो, १ महिना आउँछ ६ महिना बन्द हुन्छ यस्तो पानीको भरमा त हाम्रो जीविका चल्दैन, अनामनगरका स्थानीय गोपाल थपलियाले भने । उनले पानी नियमित नआउँदा झनै अन्योल बढेको बताएका छन् ।

तर त्यही राति सिन्धुपाल्चोकमा आएको बाढीले अम्बाथानस्थित 'हेडवर्क्स' भनिने व्यवस्थित पानी पसाउन बनाइएको संरचना वरपर क्षति पुऱ्याएपछि करौंडोको नोक्सानी भएको थियो भने पानी पूर्ण रुपमा ठप्प भएको थियो । अझ सोही साउन १६ गते पुनः लेदो गेगरान सहितको भेल आएपछि दुई दशक बढी समय खर्चिएर निर्मित उक्त आयोजनाको भविष्य नै सङ्कटमा परेको थियो ।

यद्यपि, खानेपानी लिमिटेडका उपकार्यकारी अधिकृत ज्ञानेन्द्रबहादुर कार्की भने खानेपानी वितरण व्यवस्थापन गर्ने कार्यमा नीतिगत, संरचनागत तथा व्यवस्थापकीय सुधार नभएसम्म माग धान्न नसकिने बताउँछन् । हाल काठमाडौं उपत्यकामा खोनेपानीको माग दैनिक ४३ करोड लिटर भएपनि आपूर्ति करिब १२ करोड लिटर रहेको उनको भनाई छ ।

त्यत्तिमात्रै होईन, गत शुक्रबार तामझाम सहित खानेपानीमन्त्री उमाकान्त चौधरीको नेतृत्वमा पानी काठमाडौं ल्याएपनि सोमबार लैनचौर लगायतका विभिन्न स्थानमा पानीको पाईप फुटेर हिलाम्मे भएपछि सर्वसाधारणको आवतजावतमा समेत समस्या भएको छ । यतिसम्म कि वितरणलाइन, ढल प्रणालीको मर्मत, सुधार र व्यवस्थापनको जिम्मा पाएको केयूकेएलमा वार्षिक बजेट तथा कार्यक्रम र आधिकारिक व्यवस्थापक समेत राखिएका छैनन् । एकातिर मेलम्चीको पानी देखाएर काठमाडौंवासीलाई सपना देखाउने अनि अर्कातिर महिनौं पानी नआउने, पानी फुटेर सडक हिलाम्ये हुने र लगानी बढ्ने क्रम रोकिएको छैन । जसले गर्दा मेलम्चीको पानी नियमित पिउने काठमाडौंवासीको सपना सपनामै सीमित भएको छ ।



वैदेशिक रोजगार विशेष

# कामदार भर्ना प्रक्रियामा म्यानपावर र रोजगारदाता जिम्मेवार नबनेको आयोगको गुनासो


**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ मंसिर

राष्ट्रिय मानव अधिकार आयोगले वैदेशिक रोजगारमा जाने कामदार भर्ना प्रक्रियामा नेपालस्थित म्यानपावर कम्पनी र विदेशस्थित रोजगारदाता कम्पनी दुबै जिम्मेवार बनेको नदेखिएको बताएको छ । आयोगले सार्वजनिक गरेको वार्षिक प्रतिवेदनमा पारदर्शी भर्ना प्रक्रियाका सवालमा वैदेशिक रोजगार विभागलगायतका सरकारका निकायहरुलाई ऐन कानूनद्वारा दिएको जिम्मेवारी पनि पूरा नगरिएको भन्दै सरकारी निकायले जिम्मेवारी पूरा नगर्दा वैदेशिक रोजगारीमा जाने कामदार विभिन्न समस्याबाट मुक्त हुन नसकेको औंल्याएको छ ।

आयोगले गय बुधबार राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष वार्षिक प्रतिवेदन पेश गरेको थियो । प्रतिवेदनमा वैदेशिक रोजगारमा जाने निजी क्षेत्रका म्यानपावर कम्पनीहरुको जिम्मेवारी औंल्याउँदै भनिएको छ, 'वैदेशिक रोजगारीमा पठाउने कार्य नेपाल सरकारबाट स्वीकृत प्राप्त निजीस्तरका भर्ना गर्ने कम्पनीहरु रहेका छन् । ती कम्पनीहरु नाफा कमाउने उद्देश्यले लगानी गरी स्थापना गरिएका हुन् । अर्थात उनीहरुले नाफामुलक व्यवसाय सञ्चालन गरेका छन् । ती कम्पनीहरुले नाफा कमाउने माध्यमको पहिलो सरोकार हुने व्यक्ति भने रोजगारीका लागि विदेश जान चाहने व्यक्ति हो । अर्कोतर्फ वैदेशिक रोजगारमा जान चाहनेहरुले भोगेको समस्या जस्तै ठगी, समयमै रोजगारीको लागि नपठाउने, फ्रि टिकट फ्रि भिसामा बढी रकम असुलेको, तोकिएको भन्दा बढी शुल्क लिएको, नेपालमा भनिए अनुसार काम रोजगारदाता मुलुकमा नपाएको, अतिरिक्त काम लगाई सो अनुसार ज्याला नदिएको, तलव समयमै नदिने, कुटपीट, यातना, मृत्यु जस्ता समस्याहरु भोग्नु परेको तथ्यहरु प्रकाशमा आइसकेका छन् । वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई सरल, सहज र सुलभ बनाउनु अति नै आवश्यक देखिएको छ ।'

नेपाली श्रमिकहरुको संरक्षणको सवाल प्रमुखरुपमा अगाडि आएको भन्दै आयोगल संरक्षणतर्फ नेपाल सरकार, विकासका साझेदार, गैरसरकारी संस्थाहरु, आयोग लगायत सरोकारवालाहरुले कार्य गर्दै आइरहेका भएपनि मानव अधिकार संरक्षणमा चुनौती देखिनुको कारण नेपालभित्र र गन्तव्य मुलुकहरु भर्ना गर्ने कम्पनीहरु जिम्मेवार नहुनु पनि एउटा महत्वपूर्ण चुनौती भएको दाबी गर्दै भनिएको छ, 'यसले के पनि स्थापीत गर्दछ भने जिम्मेवार व्यवसाय सञ्चालन गर्न सरकारका निश्चित मापदण्ड हुनुपर्ने र सो को प्रभावकारी कार्यान्वयन हुनु पर्ने देखिन्छ ।'

आयोगले वैदेशिक रोजगारका लागि विदेश जाने नेपाली कामदारको मानव अधिकार संरक्षण पनि प्रमुख सवाल भएको प्रतिवेदनमा उल्लेख गरेको छ । प्रतिवेदनमा भनिएको छ, 'नेपालको सन्दर्भमा हेर्ने हो भने व्यवसाय र मानव अधिकारका सिद्धान्तलाई अबलम्बन गरी मापदण्ड, कानून निर्माण गरी सो को प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आजको आवश्यकता टड्कारो देखिएको छ । यसका साथ साथै वैदेशिक रोजगार ऐन २०६४, वैदेशिक रोजगार नियमावली २०६४, वैदेशिक रोजगारीलाई व्यवस्थापन गर्न बनाइएका विभिन्न कार्यविधि, निर्देशिकाहरु र यससँग – बाँकी पृष्ठ २ मा

सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था

माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

मध्यान्ह
www.madhyanhadaily.com
२७ मंसिर २०७९, मंगलबार
13 December 2022, Tuesday

# सुन्धाराको मूल धारा नष्ट गरिएकामा काठमाडौं महानगरको आपत्ति



**काठमाडौं/मस–** धरहरा पुनःनिर्माणको क्रममा सुन्धारामा पानी पठाउने मूलधारा नष्ट हुनेगरी डोजर चलाइएको भन्दै काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाहले पत्रकार सम्मेलन गरी आपत्ति जनाएका छन्। काठमाडौंको न्यूरोडस्थित सङ्कटा क्लबमा सोमबार बिहान आयोजित पत्रकार भेटघाटमा प्रमुख शाहले नेपालको मौलिक कला, संस्कृतिको नमूनाका रुपमा रहेको ऐतिहासिक सुन्धाराको संरचना पुनःनिर्माणका नाममा भत्काउन नहुने र त्यसलाई संरक्षण गरिनुपर्ने आवश्यकतामा जोड दिए।

उनले सुन्धारामा निर्माण भइरहेका संरचनाको विरोध गर्नुका साथै त्यहाँ भइरहेका सम्पूर्ण निर्माण कार्य रोक्न सम्बन्धित ठेकेदारलाई अनुरोध गरे। रमण कन्ट्रक्सन कम्पनीले सुनधाराको ठीक पछाडी ठूलो खाडल बनाइ त्यहाँ एक लाख लिटर पानी अट्ने विशाल ट्याङ्की निर्माण गर्ने क्रममा सो ऐतिहासिक संरचनाको मुख्य बस्तु (काठको लामो पाइप) नष्ट हुनगएको भन्दै आइतबार स्थानीय बासिन्दा, क्लबका प्रतिनिधि तथा वडा नं.२२ का अध्यक्षको सक्रियतामा उक्त निर्माण कार्यको विरोध भएको थियो।

सो विरोधपछि सोमबार प्रमुख बालेन शाहसमेतको उपस्थितिमा आयोजित पत्रकार सम्मेलनमा सयौं वर्ष पुरानो उक्त ऐतिहासिक संरचना भत्काउने सम्बन्धमा महानगरलाई कुनै जानकारी नभएको र त्यहाँ भएका कार्य महानगरपालिकासँग कुनै छलफल नै नगरी अगाडि बढाइएको कुरा स्पष्ट पारिएको थियो। प्रमुख शाहले सुन्धाराको मुख्य धारा भएको ठाउँमा खन्ने विषयमा आफूसँग कुनै सरसल्लाह नभएको र त्यसबारे आफूले कुनै आदेश नदिएको कुरा प्रष्ट पारेका छन्। सो अवसरमा प्रमुख शाह, वडाध्यक्ष तथा स्थानीयवासीको टोली गएर सुनधारास्थित ट्याङ्की निर्माण भइरहेको स्थलमा अवलोकन गरी सम्पूर्ण निर्माणकार्य तत्काललाई रोक्न निर्देशन दिइएको छ।

रमण कन्ट्रक्सनका प्रोजेक्ट म्यानेजर सञ्जय नकर्मीले आफूले सम्बन्धित निकायको आदेशअनुसार नै सो ट्याङ्की निर्माण लगायतका कार्य अघि बढाएको जानकारी दिँदै हाललाई निर्माण कार्य रोक्न कामदारलाई निर्देशन दिइएको बताए। सो अवसरमा वडा नं २२ का अध्यक्ष चिनीकाजी महर्जन र सङ्कटा क्लबका अध्यक्ष इन्द्रमान तुलाधर लगायतले हस्ताक्षर गरेको एक प्रेस वक्तव्यमा सुन्धाराको अस्तित्व नै समाप्त हुने अवस्थामा पुगेको कुरा उल्लेख गरिएको छ। ऐतिहासिक सुन्धारामा रहेको बाहिरी आकृति करिब दुई सयवर्ष अघि भीमसेन थापाको पालामा बनेको भनिएता पनि सो पानीको मूल भने चार-पाँच सय वर्षभन्दा पुरानो भएको कुरा पनि सो पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

# फेरियो कोदोको परिचय



**बागलुङ/मस–** पछिल्लो समय नेपालमा रैथाने बाली लोप हुने अवस्थामा पुग्न थालेको छ। बागलुङमा धेरै उत्पादन हुने अन्नको रुपमा रहेको कोदोबालीको पछिल्लो समय प्रवर्द्धनपछि महत्व बढ्दै गएको छ। कोदोखेती विस्तारै घट्दै गएपछि कृषि ज्ञान केन्द्रले समेत रैथाने बाली संरक्षण अभियान चलाएको छ। बागलुङका किसानले भर्खरै मात्र कोदो थन्काएका छन्। पछिल्लो समय भने कोदोको परिचय बदलिएको छ। गाउँघरको मुख्य खानाको परिकारका रुपमा रहेको कोदो पछिल्लो समय सहरको आकर्षक खानाको परिकारमा परेको छ। अहिले गाउँमा भन्दा सहरका रेष्टुराँ र होटलमा कोदोको परिकार पाक्ने गरेको छ। निकै भन्भटिलो बालीका रुपमा रहेको कोदोको महत्व पछिल्लो समय बढ्दै गएको पाइन्छ। कुनै दिन गरिबको खानाको रुपमा चिनिएको कोदोको ढिडो अहिले ठूला होटल र घरबासमा समेत रुचाइएको परिकार बनेको छ। आयातित चामलले कृषिमा भन्भटिलो बालीका रुपमा रहेको कोदो विस्तारै लोप हुने अवस्थामा पुगे पनि पछिल्लो समय कोदोको परिकारप्रति नागरिक जागरुक देखिन थालेका छन्। कोदोको परिकारको फाइदाकासमेत प्रसस्त भएका कारण पछिल्लो समय खरिद गरेरै भए पनि कोदोको ढिडो, रोटीलगायतका परिकार बनाएर खाने गरिएको छ भने बागलुङका घरबासले कोदोको सेलरोटीलाई प्रमुख आकर्षक खानाका रुपमा प्रस्तुत गरिरहेका छन्।

बागलुङका घरबास (होम-स्टे)को आकर्षणसमेत कोदोको परिकार बन्न थालेको छ। पछिल्लो समय होटल, रेष्टुराँ र रिसोर्टमासमेत कोदोको ढिडोको माग बढ्दै गए पछि कोदोको खेतीमा पुनः वृद्धि हुन थालेको छ। बागलुङको काठेखोला गाउँपालिका-३ धम्जा ओखलेस्थित सामुदायिक घरबास बेलढुङ्गा सामुदायिक घरबास, जैमिनीको मरुनी घरबास र भकुण्डेको अतिथि सत्कार घरबासमा कोदोको सेलरोटी आकर्षक परिकारमध्ये पर्दै आएको भकुण्डेस्थित अतिथि सत्कार घरबासका सञ्चालक इन्द्रकुमारी थापाले बताइन्।

'चिसो याममा कोदोको ढिडो निकै रुचाइएको परिकारमध्ये पर्दछ, लोकल कुखुराको मासुसँग ढिडो खाने धेरै हुन्छन्', उनले भनिन्, 'पाहुनाले ढिडो रुचाउन थालेपछि घरको कोदोले नपुगे खरिद गरेरसमेत ल्याइन्छ, पहिला चामलको भात नै बढी रुचाइएको थियो पछिल्लो समय स्वास्थ्यका लागिसमेत कोदोले फाइदा पुऱ्याउने भएपछि कोदोको महत्व बढ्यो।'

पहाडी जिल्लाको रुपमा रहेको बागलुङमा सिँचाइ सुविधा नभएका अधिकांश स्थानमा कोदो खेती गरिन्छ। तर, विस्तारै कोदोको महत्व बढ्दै गएपछि किसानले समेत महत्वका साथ खेती गर्दै आएका छन्। बागलुङ नगरपालिकाको सिगाना, काठेखोला गाउँपालिकाको भिमापोखरा, ढोरपाटन, बडिगाड, निसीखोला, तमानखोला, जैमिनी र बरेङलगायतको क्षेत्रमा बढी मात्रमा कोदो खेती हुने गरेको छ भने गलकोट, बडिगाड, बलेवा, रेशलगायतको क्षेत्रमा धानखेती बढी मात्रमा हुने गर्दछ।

'पहिला गरिबले कोदोको परिकार खाने, धनीले चामलको खाना खाने प्रचलन थियो तर अहिले ठीक उल्टो भएको छ, चामल सहज भयो, ढिडो कोदोको परिकार दुर्लभ', बागलुङको छिस्ती केवैका पूर्णबहादुर पुनले भने, 'कोदोको महत्व बढे पनि ज्यालादारीमा काम गर्ने जनशक्ति नभएकाले दुई वर्षदेखि विद्युतीय उपकरणको सहायताले कोदो चुट्दै आएको छु, छिस्तीमा कोदो राम्रो हुन्छ, अहिले होटल तथा रेष्टुराँमा कोदोको परिकार पाक्छ भन्ने सुन्दा अचम्म लाग्छ।'

जिल्लामा धान बालीलाई प्रमुख खेतीको रुपमा मान्दै आए पनि बागलुङमा भने कोदो खेती महत्वपूर्ण अन्न बालीका रुपमा रहेको छ। कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले रैथाने बाली कोदो संरक्षण र प्रवर्द्धन गर्न थालेकाले कोदोखेतीप्रति किसानको आकर्षण बढ्दै गएको बताए। यस्तै ग्रामीण पोषण कार्यक्रमअन्तर्गत मुख्यतः कोदो बालीलाई नै विस्तार तथा प्रवर्द्धन गर्ने उद्देश्यले कोदो उत्पादन गर्ने किसानलाई यान्त्रीकरणमा समेत सहयोग गर्दै आइरहेको भट्टराईको भनाइ छ।

कोदो, फापर र सिस्नोमा आइरल, मिनिरल बढी पाइने भएकाले ग्रामीण पोषण सुधार कार्यक्रमअन्तर्गत कोदो उत्पादन गर्ने किसानलाई विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम गर्दै आएको बताए। जिल्लामा १५ हजार हेक्टरभन्दा बढी जमिनमा कोदो खेती गरिने भए पनि पछिल्लो समय केही जग्गा बाँझो राखिँदै आइएको छ। रैथानै बाली प्रवर्द्धन र कोदोको महत्व बढ्दै जाँदा क्रमशः बाँझो जग्गामा समेत कोदो खेती विस्तारमा सहयोग पुग्ने कृषि ज्ञान केन्द्रको भनाइ छ।

पछिल्लो समय कोदोको माग सहर बजारमा समेत  हुँदा कोदो किसानसमेत उत्साहित भएका छन्। हाइब्रिड धान, गहुँ, मकै भित्र्याउने किसनाले कोदो भने परम्परागत बीउ लगाउने गरेका छन् तर कृषि ज्ञान केन्द्र कार्यालयले कोदोको बढी उब्जनी हुने बीउ वितरण गर्दै आएको छ। अहिले राम्रो कोदो उत्पादन हुने क्षेत्रका किसानलाई नगद अनुदानमा कोदोको बीउ, तरकारी, र फलफूलका बीउ दिने कृषि ज्ञान केन्द्र बागलुङको योजना बर्सेनि वृद्धि हुँदै गइरहेको छ।

# विद्यार्थीलाई शैक्षिक सामग्री वितरण




**देवराज सुवेदी/मध्यान्ह**
मेलम्ची, २६ मंसिर

हेलम्बु एजुकेसन एण्ड लाइभलीहुड पार्टनर्सीप (हेल्प)ले ६ सय ७० जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको छ। पाँचपोखरी थाङपाल गाउँपालिका ५ गुन्साको सातकन्यामती माध्यमिक विद्यालय र कुम्भेश्वरी आधरभूत विद्यालयका विद्यार्थीहरुलाई स्टेशनरी, स्वास्थ्य सामग्री र टोपीसहितको झोला वितरण गरिएको हो।

सिन्धुपाल्चोकका पूर्व जिल्ला शिक्षा अधिकारी गेहनाथ गौतम, हेल्पका अध्यक्ष जिमि लामा, वडा नम्बर ५ का अध्यक्ष काले गोले, सातकन्यामती माध्यमिक विद्यालयका प्रअ प्रेम तामाङलगायतले शैक्षिक सामग्रीको सदुपयोग गर्न आग्रह गेका थिए।

हेल्पले १० वर्ष अगाडि 'स्कुल इन अ ब्याग' शुरु गरेको र हालसम्म २० जिल्लाका २१ हजार विद्यार्थीलाई यस्ता सामग्री वितरण गरेको अध्यक्ष लामाले बताए।

जिल्लाको मेलम्ची, त्रीपुरासुन्दरी र पाँचपोखरीका २७ जना साथी शिक्षकले पनि सहयोग गरेको उनले जानकारी दिए। सातकन्यामती माध्यमिक विद्यालयका अध्यक्ष कालिका गोले र कुम्भेश्वरी आधरभूत विद्यालयका प्रधानाध्यापक देवि पौडेलले सहयोगप्रति आभार प्रकट गरेका थिए।

विद्यालय नियमित गराउन तथा स्वास्थ्य सचेतना बढाउन शैक्षिक सामग्री वितरण गरिएको हेल्पले जनाएको छ। संस्थाले शिक्षामा शिक्षक, सामग्री सहयोग, भवन निमार्ण, तालिम लगायत सहयोग गर्दै आएको छ। त्यस्तै कोरोना, बाढी, भुकम्प जस्ता प्रकोप पीडितलाई सहयोग गर्दै आएको छ।

# धादिङको मूलपानीमा वृद्ध दम्पती मृत भेटिए



**धादिङ/मस–** धादिङको त्रिपुरासुन्दरी गाउँपालिका-३ मूलपानीस्थित आहालेमा वृद्ध दम्पती मृत भेटिएका छन्। जिल्लाको उत्तरी क्षेत्रमा पर्ने आहालेका विष्णुबहादुर आलेमगर र निरमाया आलेमगर आफ्नै घरमा मृत भेटिएका हुन्। जस्ता र काठको कच्चीघरमा बस्दै आएका उनीहरुलाई आइतबार बिहान ८ बजे स्थानीयले मृत्तावस्थामा फेला पारेको त्रिपुरासुन्दरी-३ का वडाध्यक्ष कमल आलेमगरले जानकारी दिए। विष्णुबहादुरको शव घरबाहिर खाटमा उत्तानो परेको अवस्थामा, निधारमा र दाँहिने आँखामाथि चोट लागेको अवस्थामा भेटिएको स्थानीयले बताएका छन्। स्थानीयका अनुसार शरिरमा भने कपडा ओडिइराखेको थियो। मृत भेटिएका दम्पत्तीका एक छोरी र दुई छोरा छन्। छोरा काठमाडौंमा व्यवसाय गर्दै आएको र छोरीको विवाह भएसकेको स्थानीयले जानकारी दिएका छन्।

## अध्यादेशको

विषयमा कार्यपालिकाले हस्तक्षेप गरेको छ, त्यसैले सरकारले तत्काल अध्यादेश फिर्ता लिनुपर्छ,' उनले भनेका छन्। महामन्त्री विश्वप्रकाश शर्माले अहिलेको सरकारसँग अध्यादेश ल्याउने नैतिक अधिकार नभएको टिप्पणी गरेका छन्।

रेशम चौधरीलाई जेलबाट निकाल्न सके नागरिक उन्मुक्तिका चार सांसदको सहयोग आफूलाई हुने अपेक्षा देउवाको छ। तर, कांग्रेस संसदीय दलको नेतामा उम्मेदवारी दिन लागेको थापा र उनलाई सघाइरहेका शर्माको विरोधले देउवा अप्ठेरोमा परेका छन्। गत महाधिवेशनमा पार्टी सभापतिमा देउवासँगै लडेका कांग्रेसका नेता डा. शेखर कोइरालाले अझ अगाडि बढेर अध्यादेशमार्फत कानुन संशोधन गरी अदालतले दोषी ठहरिएका रेशम चौधरीलाई माफी दिने प्रयास गरिनु कानुनी शासन, संसदीय प्रणाली, राजनीतिक र लोकतान्त्रिक मर्मको उपहास भएको बताएका छन्।

'अध्यादेशमार्फत कानुन संशोधन गरी अदालतले दोषी ठहरिएकालाई माफी दिने प्रयास गरिनु कानुनी शासन, संसदीय प्रणाली, राजनीतिक र लोकतान्त्रिक मर्मको उपहास गर्नु हो' उनले भनेका छन्।

नेकपा एमालेले अध्यादेशप्रति आपत्ति जनाएको छ। एमाले उपमहासचिव विष्णु रिमाल भन्छन्, 'संविधानको रक्षा गर्छौं' भन्ने चुनावी नारा घन्काएको गठबन्धन सरकारले संविधानको भावनामाथि नै असर पार्ने गरी यस्तो अध्यादेश ल्याउन खोज्नु आफैंमा गलत हो।' एमालेले अध्यादेशको सशक्त विरोध गर्ने पनि रिमालले बताए।

राजनीतिकलाई अपराधीकरण गर्ने र अपराधलाई राजनीतीकरण गर्न सकिन्छ भन्ने दृष्टान्तसहित काम चलाउ सरकारले विधेयकमार्फत शासन गर्छु भन्नु नै गलत भएको उनको टिप्पणी छ। उपमहासचिव रिमालले काम चलाउ सरकारलाई कुनै पनि खालको अध्यादेश ल्याउने अधिकार नभएको तर्क गरे। उनले नयाँ सांसदहरु चुनिएर आएकाले वर्तमान सरकारले मुलुकमा दूरगामी महत्ववको कुनै पनि काम गर्न नमिल्ने जिकिर गरे।

मन्त्रिपरिषदको बैठकले स्वीकृत गरेको अध्यादेश अनुसार फौजदारी अभियोगमा जन्म कैदको सजाय पाएर जेल जीवन बिताइरहेका नागरिक उन्मुक्ति पार्टीका संस्थापक रेशम चौधरी समेत छुट्न सक्नेछन्।

मन्त्रिपरिषद्का सदस्यहरुका अनुसार फौजदारी संहिता २०७४ को दफा ११६ संशोधन गर्न अध्यादेश ल्याइएको हो। अध्यादेश अनुसार संहिता संशोधन भएको खण्डमा रेशम चौधरीले पनि माफी पाउन सक्नेछन्।

संविधानविद् विपिन अधिकारीका शब्दमा अहिलेको सरकारले अध्यादेश ल्याउनु चरम अनैनिकताको उदाहरण हो। यस विरुद्ध सर्वोच्च अदालतमा मुद्दा पर्ने र अदालतले स्वीकार नगर्ने वा गर्ने ठाउँ नरहेको जान्दा जान्दै सरकारले केटाकेटीले जस्तो व्यवहार प्रदर्शन गरेको हो। फौजदारी अभियोगको मुद्दामा जेल जीवन बिताइरहेका व्यक्तिको हकमा हुने निर्णयलाई अदालतले पनि स्वीकार गर्नुपर्ने उनलाई लाग्छ। न्यायपालिका र कार्यपालिका एक अर्काका चेक एण्ड ब्यालेन्स पनि हुन भन्ने कार्यपालिकामा रहेकाहरुले बुझ्नुपर्ने उनको राय छ। नयाँ सरकार बन्न केही दिन मात्रै बाँकी रहेका बेला सरकारले अध्यादेश ल्याउनु नयाँ जनमत र संसदकै अपमान भएको पनि अधिकारी बताउँछन्। 'नयाँ सरकार गठनका लागि रेशम चौधरी निर्णायक भएपछि उनको रिहाइ गर्नेतिर सरकार लाग्यो' अधिकारी थप्छन्, 'चौधरीलाई लागेको अभियोगका विषयमा छलफल वा बहस हुन सक्छ। तर, जाँदा जाँदैको सरकारले यस्ता विषयमा कुनै निर्णय गर्न सक्दैन।'

अध्यादेशको तरंग देशभर फैलिएको मात्रै छैन्। सरकारको नेतृत्वकर्ता दल कांग्रेसभित्रै विरोध भएको छ। एमालेको आपत्ति छ। यसले स्वमं सत्तागठबन्धनलाई समेत असर पर्न सक्छ। तर, सरकार पछाडि हट्ने मुडमा देखिन्न। राष्ट्रपतिले अध्यादेश जारी नगरे के गर्ने भन्नेमा भने सत्ता गठबन्धन प्रष्ट छैन्।

## सरकारको...

ज्ञानेन्द्रबहादुर कार्कीले भने, 'मुलुकलाई अहिले शान्ति चाहिएको छ, एकता चाहिएको छ, विकास र समृद्धि चाहिएको छ। त्यसका निमित्त सबैको योगदान रहोस भन्ने उद्देश्यका साथ अध्यादेश सिफारिस भएको छ।' उनका अनुसार अहिलेको आवश्यकतालाई केन्द्रमा राखेर मुलुकमा योगदान गर्न चाहने सबैलाई अवसर दिनका लागि अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरिएको हो।

मुलुकको राजनीतिक प्रणालीसँग असहमत रही हिंसात्मक क्रियाकलापमा संलग्न राजनीतिक दल वा समूहलाई मुलधारमा ल्याउने उद्देश्य सरकारको रहेको उनको दाबी छ। विगतका सरकारले पनि यसरी माफी दिने गरेको भन्दै उनले सरकारको निर्णयको बचाउ गरेका छन्।

## मानवअधिकार...

माग गर्दै आज नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको छ।'

## कामदार...

सम्बद्ध निकायहरुका अधिकारीहरु गम्भीर भई अर्थपूर्णरुपमा यसको कार्यान्वयन गर्नुपर्ने देखिएको छ।'

वैदेशिक रोजगारी व्यवस्थापनमा देखिएका समस्याहरुको आंकलन गरी सोही अनुपातमा दक्ष जनशक्ति वृद्धि गर्नु, आर्थिक स्रोतको सहज तथा प्रभावकारी व्यवस्थापन जस्ता विषयहरुलाई प्राथमिकतामा राखी नेपाल सरकारले कार्य गर्नुपर्ने देखिएको भन्दै आयोगले प्रतिवेदनमा नेपाल सरकारका आगामी नीति, कार्यक्रम तथा स्रोतहरु समेत त्यसतर्फ निर्देशित हुनुपर्ने बताएको छ। आयोगले सोही प्रतिवेदनमा वैदेशिक रोजगारीलाई विप्रेषणको मात्र विषय नबनाई विदेशमा नेपाली श्रमिकहरुको मृत्युदर बढेको विषयमा पनि सरकार थप गम्भीर हुनुपर्ने सुझाव दिएको छ।

### नवलपरासीमा दुर्घटना

# पाँच महिनामा १४ जनाको मृत्यु, १ सय ४८ घाइते

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, २६ मंसिर


पश्चिम नवलपरासीमा पछिल्लो पाँच महिनामा सवारी दुर्घटनाबाट १४ जनाको मृत्यु भएको छ। यस्तै १ सय ४८ जना घाइते भएका जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीले जनाएको छ।

प्रहरीका अनुसार मृत्यु हुनेमा ३ जना महिला र ११ जना पुरुष रहेका छन्। यस्तै ४२ जना महिला र एक सय ६ जना पुरुष घाइते भएका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी भोजराज पाण्डेले जानकारी दिए।

उनका अनुसार सवारी चालकले मादक पदार्थ सेवन गरेर सवारीसाधन चलाउँदा र सडकको अवस्थाका कारण धेरै दुर्घटना हुने गरेको पाइएको छ। गत बिहीबार मात्रै बर्दघाटस्थित पूर्व-पश्चिम राजमार्गमा ना ६ ख ३३३० नम्बरको ट्रकले पैदल यात्रुलाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ। ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# हापुरेस्थित शिव मन्दिरमा मुर्ति स्थापना

**रामप्रसाद सुवेदी/मध्यान्ह**
दाङ, २६ मंसिर



बबई गाउँपालिका ५ हापुरे शहीदगेट नजिकै रहेको शिव मन्दिरमा मुर्ति स्थापना गरिएको छ। लामो समयदेखि हापुरे बजारमा मेडिकल सञ्चालन गरिरहेका शेर बहादुर वली (शेरे डाक्टर)ले निःशुल्क रुपमा उपलब्ध गराएको मुर्तीको स्थापना गरिएको शिव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष दुर्गा भण्डारीले जानकारी दिए।

मन्दिर व्यवस्थापन समिति पदाधिकारी र स्थानीय अगुवाहरूको उपस्थितिमा पण्डित खिमकान्त धितालले मुर्तिको विधिवत रुपमा पूजाआराधना गरी मुर्ति स्थापना गरेका हुन्। मन्दिर निर्माण कार्य अझै जारी रहेकोले निर्माण कार्य सकिए पछि  मन्दिर उद्घाटन गरिने उनले जानकारी दिए।

हापुरेमा रहेको शिव मन्दिर जीर्ण बन्दै गएपछि मन्दिर व्यवस्थापन समितिको अगुवाइमा सहयोग रकम सङ्कलन गरी सोहि स्थानमा पुनःनिर्माण थालिएको थियो। मन्दिरमा ५ हजार भन्दा बढी सहयोग गर्ने सहयोगीहरुको नाम शिलालेखमा राखिने र स्थानीय सञ्चार माध्यममार्फत प्रशारण गरिने मन्दिर समितिले जनाएको छ।

# स्वास्थ्यमा सर्वव्यापी पहुँचका लागि मार्गचित्र तयार

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्यमा सर्वव्यापी पहुँच पुऱ्याउनका लागि मार्गचित्र तयार पारिरहेको छ ।

स्वास्थ्य सेवा विभागले 'स्वास्थ्यमा सर्वव्यापी पहुँच दिवस'का अवसरमा यहाँ आयोजना गरेको कार्यक्रममा मन्त्रालयका सचिव देवकुमारी गुरागाइँले स्वास्थ्य क्षेत्रमा रहेको असमानतालाई हटाइ सबै नागरिकमा स्वास्थ्य सेवा पुऱ्याउनका लागि मार्गचित्र तयार पारिरहेको जानकारी दिइन् ।

उनले स्वास्थ्यमा सबैको पहुँच पुऱ्याउनका लागि गहन, सहज र पारदर्शीरुपले स्वास्थ्यका कार्यक्रम सञ्चालन गर्नुपर्ने बताइन् । उनले स्वास्थ्य सेवा नपुगेका दूरदराज ठाउँका सर्वसाधारणलाई सेवाको पहुँच पुऱ्याउन सरकार लागिपरेको बताइन् ।

उनले संविधानले व्यवस्था गरेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनेतर्फ सरकार केन्द्रित भएको बताइन् । कार्यक्रममा स्वास्थ्य सेवा विभागका महानिर्देशक डा.दीपेन्द्ररमण सिंहले सर्वसाधारणलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सरकारले पहल गरेको बताए ।

उनले संविधान, राष्ट्रिय स्वास्थ्य नीति २०७६, स्वास्थ्य क्षेत्र रणनीतिअनुसार नागरिकको आधार भूत स्वास्थ्य सेवा निःशुल्क पाउने, आकस्मिक उपचार सेवा उपलब्ध हुने र गुणस्तरीय उपचार सेवा पाउने मौलिक हकलाई सुनिश्चित गर्न वार्षिक कार्यक्रम सञ्चालन गरेको बताए ।



उनले बहुपक्षीय सहकार्यमार्फत् पनि आधारभूत स्वास्थ्य सेवा विस्तार गर्ने, स्वास्थ्य सेवा प्रदायकको कार्यसम्पादन प्रभावकारी बनाउने, स्वास्थ्य संस्थाको समयानुकूल क्षमता अभिवृद्धि गर्ने, विशेषज्ञ एवं विशिष्टिकृत सेवा विकास तथा विस्तार गर्ने, नागरिकको आवश्यकता र क्षमतालाई आधार मानी स्वास्थ्य बीमा कार्यक्रम परिमार्जन गर्ने बताए ।

स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा.दामोदर बसौलाले सबैलाई स्वास्थ्य सेवाको पहुँच पुऱ्याउनका लागि स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने बताए । अझै पनि स्वास्थ्य बीमा कार्यक्रमभन्दा बाहिर रहेका सर्वसाधारणलाई बीमा कार्यक्रममा समेटी स्वास्थ्य सेवालाई निःशुल्क बनाइने उनको भनाइ छ । उनका अनुसार अहिले ६१ लाख ७८ हजार एक सय ४० जना स्वास्थ्य बीमामा आबद्ध छन् ।

विभागको उपचारात्मक सेवा महाशाखाका निर्देशक डा अनुप बाँस्तोलाले सबैमा स्वास्थ्य सेवा उपलब्ध गराउन सरकारले आधारभूत स्वास्थ्य सेवा केन्द्र, आधारभूत अस्पताल, सातवटै प्रदेशमा विशेषज्ञ सेवा प्रदान गर्ने आधुनिक अस्पताल र बीमा कार्यक्रम र विपन्न नागरिकका लागि जटिल प्रकारका नसर्ने रोगको उपचार कार्यक्रम विशेषज्ञ एवं विशिष्टिकृत सेवाको विकास र विस्तार गर्दै आएको जानकारी दिए । उनले सेवा नपुगेका दूरदराजमा टेलिमेडिसिनजस्ता प्रविधिमार्फत् स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यक्रम पनि सञ्चालन गरेको बताउनुभयो । आज देशभर 'हामीले चाहेको विश्वको आवश्यकता, सबैका लागि स्वस्थ भविष्यको सुनिश्चितता' भन्ने नाराका साथ दिवस मनाइँदैछ ।

## गुणस्तरहीन औषधि उत्पादन

नेपाली औषधि उत्पादक कम्पनी क्युरेक्स फार्मास्युटिकल्स प्रालिले उत्पादन गर्दै आएको औषधि गुणस्तरहीन भएको पाइएको छ ।

औषधि व्यवस्था विभागले काभ्रे बनेपास्थित क्युरेक्स फार्मास्युटिकल्स प्रालीले उत्पादन गर्दै आएको एस्कर्बिक एसिड (भिटामिन सी आईपी ५०० ग्राम) को बिक्री वितरण प्रमाणपत्र रद्द गरेको हो ।

औषधिमा गम्भीर लापरबाही गरेको पाइएपछि विभागले बिक्री वितरण प्रमाणपत्र नै रद्द गरेको जनाएको छ । क्युरेक्स फार्मास्युटिकल्स प्रालीले उत्पादित गर्दै आएको एस्कर्बिक एसिड (भिटामिन सी आईपी ५०० ग्राम) औषधिका विभिन्न ब्याजहरु राष्ट्रिय औषधि प्रयोगशालाबाट विश्लेषण प्रतिवेदन अनुसार गुणस्तर नभएको पाइएको छ,' विभागले जारी गरेको सुचनामा भनिएको छ,' विभागको ९ मंसिर निर्णयले उक्त औषधिको बिक्री वितरण दर्ता प्रमाणपत्र औषधि ऐन, २०३५ को दफा २० (४) बमोजिम रद्द गरिएको छ ।'

एस्कर्बिक एसिड (भिटामि सी) विशेषगरी क्यान्सर वा मिगौलाको रोगबाट समस्या भएका व्यक्तिलाई दिइने गरिन्छ । त्यसैगरी, शरीरमा भिटामिन सीको कमीले थकान, गिजा सुन्निने, जोर्नी दुख्ने र घाउ निको नहुने रोग) लाई रोक्न र उपचार गर्न पनि प्रयोग गरिने चिकित्सकले बताएका छन् ।

# गणेश 'मार्मिक' को महाकाव्य 'श्री धरा' विमोचन

**काठमाडौं/मस–** साहित्य सुधा नेपालका उपाध्यक्ष तथा प्रगतिशील लेखक संघ भक्तपुरका अध्यक्ष साहित्यकार गणेश घिमिरे 'मार्मिक' को महाकाव्य 'श्री धरा' को विमोचन गरिएको छ ।




साहित्य सुधा नेपालको आयोजनामा नेपाल प्रज्ञा प्रतिष्ठानको लेखनाथ कक्षमा एक भव्य समारोहकाबीच प्रमुख अतिथि प्रा.डा.माधवप्रसाद पोखरेल, वरिष्ठ समालोचक डा.रामप्रसाद ज्ञवाली, विशिष्ट अतिथि साहित्यकार गोविन्दप्रसाद कुसुमलगायतको उपस्थितिमा महाकाव्यको विमोचन गरिएको हो ।

साहित्यसुधा नेपालकी अध्यक्ष कल्पना काफ्लेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको संचालन सोही संस्थाका सह-सचिव कृष्णदेव रिमालले गरेका थिए भने सदस्य राजेन्द्र घिमिरेले स्वागत मन्तव्य राखेका थिए । साहित्यकार डा.रमेश शुभेच्छुले 'श्री धरा' स्रष्टाको परिचय दिएका थिए । पुस्तक समीक्षाको भूमिका वरिष्ठ साहित्यकार तथा समालोचक डा.रामप्रसाद ज्ञवालीले निर्वाह गरेका थिए । सो अवसरमा नेपाल सरकारका पूर्वसचिव तथा लोकसेवा आयोगका पूर्व मा.सदस्य साहित्यकार गोविन्द कुसुम, साहित्यसुधा नेपालका सल्लाहकार कवि कलानिधि दाहाल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा कवि सुशिला शर्मा धमला, पूजन मिश्र, सविता बराल तथा इन्दिरा दाहालले श्रीधरा महाकाव्यबाट केही काव्यांश पाठ गरेर कार्यक्रममा रोचकता थपेका थिए । कार्यक्रममा स्रष्टा परिचय, समीक्षा तथा शुभकामनाका क्रममा मन्तव्य राख्नेहरुले महाकाव्यकार मार्मिकको शालीन व्यक्तित्व, मिहिनेत, काव्यक्षमता, काव्यशिल्प, शब्द संयोजन कला र विषयगाम्भीर्यको चर्चा गर्दै महाकाव्यको उत्कृष्ठताको मुक्तकण्ठले प्रशंसा गरेका थिए ।

कुल ३५ वटा छन्दमा लेखिएको श्रीधरा महाकाव्यमा सिंगो नेपाल राष्ट्रको चित्र उतारिएको चर्चा पनि गरिएका थियो । महाकाव्यकार मार्मिकले यस महाकाव्यमा दिवंगत साहित्यकार वसन्तकुमार शर्माको आशीर्वाद मिसिएको चर्चासहित सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गरेका थिए ।

# संस्कृत शिक्षा लागू

**जलेश्वर/मस–** महोत्तरीको मनरासिस्वा नगरपालिकाले संस्कार र संस्कृति रक्षाका लागि भन्दै आफ्नो पालिकाभित्रका सबै सामुदायिक विद्यालयमा संस्कृत शिक्षा लागू गरेको छ ।


नगर प्रमुख मोहन पाण्डेले आधुनिकताको नाउँमा पश्चिमा सभ्यता र शैली हाबी हुँदै गएकाले आफ्नो नगरभित्रका सबै सामुदायिक विद्यालयमा यसै शैक्षिक सत्रदेखि संस्कृत शिक्षा लागू गरेको बताए ।

नगरभित्र माध्यमिक तथा आधारभूत विद्यालय गरी जम्मा २३ सामुदायिक विद्यालय रहेकामा प्रत्येक विद्यालयमा चालु शैक्षिक सत्रदेखि नै संस्कृत शिक्षा लागू गरिएको प्रमुख पाण्डेले बताए । उनले २३ वटै विद्यालयका कक्षा एक देखि आठ सम्मका सम्पूर्ण विद्यार्थीले अनिवार्य रुपमा संस्कृत शिक्षा हासिल गर्नुपर्ने गरी प्रत्येक विद्यालयमा संस्कृत शिक्षा लागू गरिएको बताए ।

प्रमुख पाण्डेले नगरभित्रका विद्यालयमा संस्कृत शिक्षा प्रदान गर्न यस विषयका २३ जना शिक्षक नियुक्त गरिएको र उनीहरुले नियमित रुपमा सबै विद्यालयमा संस्कृत विषयको पठनपाठन गराइ राखेको बताए । यस पालिकामा सुरु गरिएको संस्कृत विषयको पठनपाठनबाट आगामी दिनमा यस विषयका जनशक्ति उत्पादन हुने पनि प्रमुख पाण्डेले विश्वास व्यक्त गरे ।

# गोबरको गुइँठाबाट खाना पकाउन बाध्य

**सर्लाही/मस–** सर्लाहीका अधिकांश नागरिक दाउराको अभावमा गाईबस्तुको गोबरबाट बनेका गुइँठामा खाना पकाउन बाध्य छन् ।



जिल्लामा रहेका २० स्थानीय तहमध्ये अधिकांश स्थानीय तहका बासिन्दा वर्षौंदेखि गोबरका गुइँठा बनाइ खाना पकाउनका लागि इन्धनका रुपमा प्रयोग गर्दै आइरहेका छन् । विषेशगरी जिल्लाका दक्षिणी भेगमा गुइँठाको प्रयोग अत्यधिक हुने गरेको छ । तराई-मधेसमा गुइँठाबाट खाना पकाउने चलन पुरानो भए पनि वनबाट पाइने दाउराको अभाव तथा असहज उपलब्धताले गर्दा सो क्षेत्रका नागरिक अझै पनि गुइँठाबाट खाना पकाउन बाध्य छन् ।

गाउँ नजिकै कुनै पनि वन नरहेको, वनबाट दाउरा ल्याउनका लागि टाढा जानुपर्ने बाध्यता तथा वनबाट दाउरा ल्याउँदा वनका कर्मचारी तथा प्रहरीले दुःख दिने गरेकाले आफूहरु गुइँठाकै प्रयोग गर्न बाध्य रहेको ब्रम्हपुरी गाउँपालिका-४ की रामकली देवीले गुनासो गरिन् ।

गाईभैंसीको गोबरमा गहुँको भुसा, मकै, गहुँ वा तोरीको डाँठ र पराल आदि मिसाएर त्यसलाई चाक्लो पारी पथारेर तयार पारिने गुइँठालाई स्थानीय भाषामा गोरहा भन्ने गरिन्छ । तराई-मधेसमा घरका महिला सदस्यको प्रमुख काममध्ये गुइँठा बनाउन पनि एक रहेको छ । उनीहरुले घरधन्दा सँगसँगै खाना पकाउनका लागि गुइँठा पनि तयार गर्ने रहेको छ ।

गोबरबाट तयार पारिएको गुँइठालाई करिब एक महिना घाममा सुकाएपछि बाल्नका लागि तयार हुने र यसैलाई अहिलेसम्म इन्धनको रुपमा प्रयोग गर्दै आएको मलङ्गवा-७ मुसौलीकी रमिलादेवीले बताइन् ।

जिल्लाको दक्षिणी भेगमा रहेका गाउँका घर तथा सडकमा सुकाएर राखिएको गुइँठाका दृश्य सामान्य नै लाग्छन् । सुकेर तयार भएको गुइँठालाई पानी नचुहिने, नभिज्ने तथा सुख्खा ठाउँमा थाक बनाएर राख्ने गरिन्छ । यसरी थाक बनाएर राखेका गुइँठा आवश्यकताअनुसार खाना पकाउन प्रयोग गरिन्छ ।

ब्रम्हपुरी-३ का रामविनय रायले गुइँठाबाट खाना पकाउँदा अत्यधिक धुँवा आउने, त्यसमा रहेका कीरा खानामा पर्ने, राम्रोसँग नबल्ने, स्वास्थ्यमा समस्या आउने भए पनि आफुहरुसँग अन्य विकल्प नरहेकाले बाध्य भएर गुइँठाको प्रयोग गर्नुपरेको बताए ।

गाईबस्तुको गोबरबाट गुइँठा बनाएर बाल्दा खेतबारीमा जैविक मलको अभाव हुने गरेको छ । त्यसले गर्दा किसानले खेतीबारीमा बाध्य भएर रासायनिक मलको प्रयोग गर्नुपरिरहेको कृषि ज्ञान केन्द्रका प्रमुख कमलदेवप्रसाद कुशवाहले बताए । खेतबारीमा जैविक मल प्रयोग नगरी केवल रासायनिक मलमात्र प्रयोग गर्नाले जमिनको उर्वरा शक्ति क्षणहुँदै जाने र अन्ततःजमिन मरुभूमिमा परिणत हुनसक्ने कुशवाहको भनाइ छ । गुइँठाको प्रयोगबाट निस्कने धुँवाबाट स्वास्थ्यमा नराम्रो असर पर्ने प्राथमिक स्वास्थ्य केन्द्र लालबन्दीका प्रमुख सुदिपराज काफ्लेले बताए । उनका अनुसार लामो समयसम्म गुइँठाको धुँवामा बस्दा स्वाशप्रस्वाशसम्बन्धी विभिन्न रोग लाग्ने गर्छ ।

# पाल्पामा धान उत्पादनमा वृद्धि



**रामपुर/मस–** पाल्पामा अघिल्लो वर्षको तुलनामा यस वर्ष धान उत्पादन बढेको छ ।

यस वर्ष जिल्लामा ३२ हजार १९ मेट्रिक टन उत्पादन भएको कृषि ज्ञान केन्द्र पाल्पाका प्रमुख कामना अधिकारीले बताए । जिल्लामा यस पटक आठ हजार दुई सय १० हेक्टर क्षेत्रफलमा धानखेती गरिएको हो ।

'उत्पादन लिने समय केही ठाउँमा रोग किराको महामारीका बाबजुत धेरै ठाउँमा उत्पादकत्वमा वृद्धि र यस वर्ष क्षेत्रफल विस्तार भएकाले उत्पादन बढेको छ' उनले भने, 'धान स्याहार्ने समयमा धान बालीलाई रोग किराले सताउँदा पनि उत्पादनमा सोचेभन्दा कम असर परेको छ ।'

गत वर्ष जिल्लामा आठ हजार दुई सय छ हेक्टर क्षेत्रफलमा ३१ हजार चार सय २८ मेट्रिक टन धान उत्पादन भएको ज्ञानकेन्द्रले जनाएको छ । धानखेतीमा आधुनिक प्रविधिको प्रयोग बढ्नु, कृषि प्राविधिकले सिफारिस गरेका उन्नत जात तथा हाइब्रिड जातको बीउ प्रयोगजस्ता कारणले उत्पादन बढेको ज्ञानकेन्द्रका सूचना अधिकारी मिलन गैरेले जानकारी दिए ।

गत वर्षको उत्पादन हेरेर यस वर्ष दुई प्रतिशतले उत्पादन बढेको पाइएको छ । यहाँका कृषकले सावित्री, हाइब्रिड, साँवा मन्सुली, युएस-३१२, शान्ति, खुमल, सिरिज, खुमल-३, सुक्खा धान लगाउँदै आएका छन् । रैथाने जात भने पछिल्ला वर्षमा कमै लगाइन्छ । उत्पादन धेरै लिन कृषकले उन्नत जात लगाउने गरेका हुन् ।

# ठेकेदार सम्पर्कविहीन हुँदा लोकमार्गको काम ठप्प

**ढोरपाटन/मस–** राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङ अक्षते-घोडाबाँधे खण्ड कालोपत्रे जिम्मा लिएको ठेकेदार सम्पर्कविहीन हुँदा लोकमार्गको काम ठप्प भएको छ ।

निर्माण जिम्मा लिएको श्रेष्ठ निर्माण तथा ढुवानी सेवाका प्रमुख रामकाजी श्रेष्ठ करिब एक महिनादेखि सम्पर्कविहीन हुँदा करिब १२ किलोमिटर सडकको काम अलपत्र परेको हो । आर्थिक वर्ष २०७२/०७३ मा यस सडक कालोपत्रेका लागि सूर्य कन्ट्रक्सनले जिम्मा लिएको थियो । तर पछि त्यस कम्पनीबाट श्रेष्ठ निर्माण कम्पनीका श्रेष्ठले कालोपत्रे गर्ने जिम्मा लिनुभयो तर उहाँले अहिलेसम्म आधा काम पनि पूरा गर्न सकेका छैनन् ।

सडक कालोपत्र नहुँदा हिउँदमा धुलो र बर्खामा हिलोले स्थानीय आजित भएका छन् । बागलुङवासीको लाइफलाइनका रुपमा रहेको लोकमार्गको ट्र्याक खुलेको २५ वर्ष भयो । सडक कालोपत्रेका लागि निर्माण कम्पनीसँग सम्झौता भएको पनि एक दशक पुग्नै लाग्यो। अहिले सडकको अवस्था बेहाल छ । सडकको धुलो र हिलोले गर्दा स्थानीय बसाइँसराइ गर्न बाध्य भएको स्थानीय हरिलाल कँडेलले बताए । उनले सडक छेउका घर हिउँदमा धुलो र बर्खामा हिलोले पुरिने गरेको बताए। धुलोका कारण स्थानीयको उठीबास लागेको उनको भनाइ छ । मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङ-घोडाबाँधे सडक कालोपत्रे गर्ने आयोजना सुरु भएपछि धेरै पटक निर्माण कम्पनीले म्याद थप्यो तर काम भने गरेन । अहिले ठेकेदार भागे पछि लोकमार्गको काम ठप्प भएको छ। लोकमार्गको बागलुङ-अक्षते खण्डमा काम भए पनि अक्षते-घोडाबाँधे खण्डमा भने काम हुन सकेको छैन ।

उनले ठेकेरादलाई राज्यले कारबाही नगर्दा अहिलेसम्म सडक कालोपत्रे हुन नसकेको बताए । कँडेलले अटेरी गर्ने ठेकेदारलाई कारबाही गरेर नयाँ सम्झौता गरी काम गरेको भए दुई वर्ष अगाडिनै कालोपत्रे भइसक्ने बताउँछन् । सरोकारवाला निकाय यसतर्फ गम्भीर भएर नलागेसम्म यस सडकको अवस्था यस्तै रही रहने र स्थानीय वर्षौं हिलो धुलोमै बस्नुपर्ने बताए ।

काठेखोला गाउँपालिका-५ का पूर्वअध्यक्ष शिवप्रसाद कँडेलले एक महिनादेखि ठेकेदार हराउँदा लोकमार्गको काम ठप्प भएको बताए ।

**सिद्धनाथ सा.ब.उ.समुह आलिताल गा.पा.६ को काठ लिलाम बिक्री सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/८/२६**

डडेल्धुराको आलिताल गाउँपालिका वार्ड नं.६ मा रहेको सिद्धनाथ सा.व.उ.स को वन क्षेत्रबाट आ.व.०७९/०८० मा उत्पादनभई सा.व.स को घाटगद्दीमा राखिएको सालको ग्रेड B को ६ थानको ६७.३८ क्यूफिट C ग्रेडको थान ५ को ३८.१८ क्यूफिट काठ गरि जम्मा थान ११ को १०५.२६ क्युफिट काठ छ । यसैगरी ब्यपारीक प्रयोजनका लागी A ग्रेडको असना थान ३ थानको ८३.२१ क्यू.फिट काठ र ग्रेड B को २ थानको ६८.७९ क्यूफिटको जम्मा थान ५ को १५२ क्युफिट र सादन ४० थानको ५९.०१ क्युफिट काठ जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्रीबितरण गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।
यस सम्बन्धी विस्तृत जानकारीको लागी यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ब्यहोरा अबगत गराईन्छ ।

**अध्यक्ष**

**रोहिनी मल्टी ट्रेडर्स प्रा.लि.**
**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७२/०४/१० मा दर्ता भएको प्रा.लि. नं. १३७२२८/०७२/०७३ को रोहिनी मल्टी ट्रेडर्स प्रा.लि. को संस्थापक शेयरधनीको मिति २०७९/०८/२५ मा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको संग सम्पर्क राख्न हुन सुचित गरिन्छ ।
**सरोज दाहाल, दामासाही ब्यवसायी, इजाजत नं. ३५३, प्रतीक ल फर्म**
**भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे । मोबाइल नं. : ९८५१२११००२**

**साउदीमा रोजगारको अवसर** | कम्पनी: AL-BALUR AL-FAKHER COMPANY FOR INDUSTRY
शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०७९/०८/२६ चलानी नं.: ६०१९३१६३ LT. No.: 277629

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३४,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ पुस ५ गते (20 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४
**Nepal HR Solution Pvt. Ltd.**
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554
Email :- snepalhr@gmail.com

**CYPRUS मा रोजगार** | कम्पनी: RED PANDA EMPLOYMENT PRIVATE EMPLOYMENT AGENCY
शहर: LIMASSOL
पूर्व स्वीकृत मिति: २०७९/०८/२६ चलानी नं.: ६०१९३१८१ LT. No.: 277398

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 1 | 19 | स. काममा दक्ष | 314 | ४३,४०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७९ पुस ५ गते (20 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १५०५/०७४/०७५
**D SQUARED GROUP PVT. LTD.**
Sinamangal, Shambhu Marga, Opposite to Police Beat, Kathmandu
Contact No.: 4495529, 4497767, 9814961893, 9851110238, 9851107082.
Email: dsquaredgroup23@gmail.com | Website: www.dsquardgroup.com

**युएईमा वैदेशिक रोजगारको अवसर**
कम्पनी: CARE PLUS GENERAL SERVICES- SOLE PROPRIETORSHIP शहर : ABU DHABI
पूर्व स्वीकृत मिति: २०७९/०८/२५ चलानी नं.: ६०१९३१४४ LT. No.: 277485

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 10 | स. काममा दक्ष | 800 | २८,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ पुस ५ गते (20 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Creating Opportunities Worldwide.
Gov. Lic No. 247/058/059
**H.R. International Employment Services Pvt. Ltd.**
**(SCM MANPOWER COMPANY PVT. LTD.)**
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9819281360, 9841387280, 9804368456, 9815009051, 9801009400
Branch Office Number: 9824386980, 9814934046
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय

### समस्या देखिदा मात्रै डराउने ?

अत्याधिक चिसो बढिरहेको राजधानी उपत्यकामा वायु प्रदुषणको समेत समस्या देखिएको छ। प्रष्ट देखिने धुवाँ मात्रै नभएर आँखा पोल्ने समस्या वायु प्रदुषणकै कारणले भइरहेको छ । सुख्खायाम बढ्ने समय बाँकी रहँदै देखिएको वायु प्रदुषण घटाउन भनेर मापदण्ड भन्दा बढी धुवाँ निकाल्ने सवारी साधनलाई कार्बाहीकै चेतावनी दिइएको छ। बातवरण विभागले आगामी पुस १ गतेदेखि यस्ता सवारी सञ्चालन नरोकिए जरिवाना गर्ने पूर्वसूचना पनि दिएको छ। त्यसका लागि विभागले वातावरण संरक्षण ऐन, २०७६ को दफा ४१ (२) प्रयोग गर्ने चेतावनी दिएको छ। उक्त दफा बमोजिम एक लाख रूपैयाँसम्म जरिवाना हुन सक्छ। अघिल्ला वर्षहरूमा पनि यस्ता चेतावनी दिने गरिएको थियो।

राजधानी उपत्यकामा देखिएको वायु प्रदुषणको प्रमुख कारण पुराना र बढी धुवाँ निकाल्ने सवारी भएको निष्कर्ष पनि पुरानै हो। वर्षेनि पुराना सवारी साधन सञ्चालनमा रोक लगाउने चर्चा हुने गर्छ। तर फेरि सञ्चालन भइरहने गर्छ भने वायु प्रदुषणको समस्या कायमै रहन्छ। प्रदुषित वायुबाट बच्न सरकारले आवश्यक सतर्कता अपनाउन आग्रह पनि गर्ने गरेको छ । वायु प्रदुषणकै कारणले अघिल्ला वर्ष त विद्यालयहरू नै बन्द गराउनुपर्ने स्थिति आएको थियो । विहानको समयमा नहिड्न र बढी वायु प्रदुषण हुँदा सकेसम्म घरभित्रै बस्न आग्रह पनि जारी हुने गरेको छ। यसले पर्यावरणीय चक्रमा पारिरहेको असरबारे चिन्ता समेत हुने गरेको छ । भर्खरै मात्रै इजिप्टमा भएको कोप–२७ सम्मेलनमा भाग लिन नेपालबाट जम्बो टोली पुग्यो।

जलवायु परिवर्तन र यसको प्रभाव न्यूनिकरणबारे छलफल गर्न विश्वभरका प्रतिनिधि त्यहाँ पुगेका थिए। त्यसअघि प्रधानमन्त्री शेरबहादुर देउवाले पनि जलवायु परिवर्तन सम्बन्धी कार्यक्रममा भाग लिन विदेश भ्रमण गरे । जलवायु परिवर्तनको प्रमुख कारण इन्धनको अत्याधिक प्रयोग हो। नेपालमा ठूलो ब्यापारघाटा बेहोरेर ल्याएको इन्धन र पुराना सवारी साधनको उपयोग बढ्नुले पर्यावरणीय असर देखिने गरेको छ। कार्बन डाइअक्साइड, मिथेन जस्ता ग्याँसको बृद्धि विश्वकै संकट बनेको छ। त्यसको समाधान खोज्ने प्रयत्न पनि भइरहेको छ। तर राजधानी उपत्यकामा वर्षेनि देखिने वायु प्रदुषणको समस्या हल गर्न तत्काल तदारूकता देखिन आवश्यक छ। सरकारको नीति तथा कार्यक्रम त्यसतर्फ केन्द्रीत भए यो समस्या हल गर्न सकिन्छ। तर समस्या देखिएका बेला मात्रै योबारे सोच्ने वा अन्तर्राष्ट्रिय रूपमा हुने सम्मेलनमा भाग लिन जाँदा सम्झिने प्रवृत्ति मात्रैले भने समस्या झनै विकराल बनेर जाने बुझ्न जरूरी छ।

# दाइजो : समाजको कुरूप प्रथा

